आज मिति २०७८ आषाढ १३ गते बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सन्त बहादुर सुनारको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति बर्दियाको बैठक बसी निम्नानुसारको निर्णय गरियो।

**विशेष उपस्थिति**

माननीय विमला वि.क., पूर्व राज्य मन्त्री

माननीय कृष्णी थारु, उप सभामुख, लुम्बिनी प्रदेश सभा

माननीय दिपेश थारु, प्रदेश सभा सदस्य, लुम्बिनी प्रदेश सभा

प्रमुख, श्री शंकरप्रसाद चौधरी, जिल्ला समन्वय समिति बर्दिया

**उपस्थिति**

प्र.जि.अ. श्री सन्त बहादुर सुनार, जिल्ला प्रशासन कार्यालय, बर्दिया अध्यक्ष

नगरप्रमुख, श्री मुक्तिनाथ यादव, गुलरिया नगरपालिका,

नगरप्रमुख, श्री गणेश बहादुर के.सी., मधुवन नगरपालिका

नगरप्रमुख, श्री दुर्गा बहादुर थारु, बारबर्दिया नगरपालिका

नगर प्रमुख, श्री सालिकराम अधिकारी, बाँसगढी नगरपालिका

नगरप्रमुख, श्री घननारायण श्रेष्ठ, ठाकुरबाबा नगरपालिका

नगरप्रमुख, श्री शिव प्रसाद थारु, राजापुर नगरपालिका

अध्यक्ष, श्री लाल बहादुर श्रेष्ठ, बढैयाताल गाउँपालिका

अध्यक्ष, श्री जमान सिंह के.सी., गेरुवा गाउँपालिका

प्रतिनिधि श्री कैलाश अधिकारी, ने.का.

प्रतिनिधि श्री कोलराज पुरी, ने.क.पा. माओवादी केन्द्र

प्रतिनिधि श्री केशव कुमार यादब, ज.स.पा.

स.प्र.जि.अ. श्री माधव प्रसाद शर्मा, जिल्ला प्रशासन कार्यालय, बर्दिया

प्र.उ. श्री ईश्वर कार्की, जिल्ला प्रहरी कार्यालय बर्दिया

से.प्र.उ. श्री नरबहादुर रावत,सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गण हे.क्वा.

उप.अनु.नि. श्री जयेन्द्रप्रसाद उपाध्याय राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय

सेनानी श्री श्यामु शाही, भैरब प्रसाद गण सुरक्षा गुल्म, बर्दिया

व.मे.सु. डा. सुभाष पाण्डेय, बर्दिया अस्पताल बर्दिया

ब्र.ज.अ. श्री गोकर्ण गिरी, स्वास्थ्य कार्यालय बर्दिया

प्र.अ., श्री ओम प्रकाश देवकोटा, जिल्ला प्रशासन कार्यालय, बर्दिया

प्र.अ. श्री नारायणप्रसाद ढकाल, जिल्ला प्रशासन कार्यालय, बर्दिया

सभापति, श्री कृष्ण प्रसाद गौतम, नेपाल रेडक्रस सोसाइटि, बर्दिया

प्रतिनिधि, श्री मनोज बर्मा, उद्योग वाणिज्य संघ, बर्दिया ।

अध्यक्ष, श्री बालकृष्ण वली, नागरिक समाज, बर्दिया

अध्यक्ष, श्री बिष्णु तिमिल्सिना, गै.स.स.महासंघ, बर्दिया ।

श्री गौरीमल्लबुढाथोकी, DEOC बर्दिया

उपसेनानी, श्री नेहाल चन्द, भैरव प्रसाद गण

प्रमुख प्रशासकिय अधिकृत, श्री विवनु प्रसाद गुरुङ, गेरुवा गाँउपालिका

[illegible] कोठियाघाट राष्ट्रिय [illegible]

अर्जुन चौलागाई स्वकीय सचिव (उपसभामुख)

राजकुमार महतार " " माननिय जिल्ला वि.डु.

बुल कु सुनार राष्ट्रिय युवा संघ कार्यलय सदस्य

भुपेन्द्र घेराला जिल्ला समन्वयकर्ता

निर्णयहरुः

१. विपद् व्यवस्थापनका सम्बन्धमा यस समितिको यस अघिको बैठकको निर्णय कार्यान्वयन स्थितिको समीक्षा एवम् वर्तमान अवस्थाको बारेमा छलफल भयो ।

२. मिति २०७८/०३/१२ गते कर्णाली नदीमा निर्मित सतीघाट पूलको बर्दिया राजापुर तर्फको भाग नदी कटानबाट क्षतीभई आवागमनमा अवरोध सृजना भएकोले सो को सम्बोधनका लागि हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय बाँकेलाई समन्वयात्मक रुपमा देहाय बमोजिम गर्न निर्देशन दिने ।

क. कर्णाली नदीको पूलको क्षती ग्रस्त भाग तर्फको बहावलाई नियन्त्रण गरी कटान कार्यलाई तत्काल रोक्ने व्यवस्था मिलाउन बोल्डर खसाउने तथा आवश्यकता अनुसार जाली भर्ने व्यवस्था मिलाउने।

ख. पूलको संरक्षण र दिगो संचालनका लागि स्पान थप गर्ने तर्फ तत्काल आवश्यक प्रक्रिया अगाडि बढाउने ।

३. पूलको बर्दिया राजापुर तर्फको स्ल्याब भासिएको स्थानमा प्राविधिक रुपमा अध्ययन गराई तत्काल हलुका सवारी साधनलाई अस्थायी रुपमा सुचारु गर्ने व्यवस्था राजापुर नगरपालिकाले मिलाउने ।

४. बर्षा शुरु भएसंगै बबई नदीको जब्दीघाट स्थित क्षतिग्रस्त पूलबाट भइरहेको आवागमनले उच्च मानवीय जोखिम निम्त्याइरहेकोले बारबर्दिया नगरपालिका र गुलरिया नगरपालिकाले आपसी समन्वय गरी आवागमनको वैकल्पिक व्यवस्था मिलाई हालका लागि यातायात आवागमन बन्द गर्ने ।

५. कर्णाली नदी व्यवस्थापन आयोजना, राजापुरलाई राजापुर नगरपालिका वडा नं. १० पहाडीनगर, लालपुर तथा गेरुवा गाउँपालिका वडा नं. ६ मनाउमा गेरुवा नदीले कटान गरेको क्षेत्रमा तत्काल तटबन्ध गर्न अनुरोध गर्ने ।

६. मधुवन नगरपालिका वडा नं. १ र २ जोड्ने औरही नदीमा निर्माण भएको पूल नदीको बहाव परिवर्तन भई उच्च जोखिममा रहेकाले उक्त पूलमा स्पान थप गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।

७. कोभिड-१९ को संक्रमणबाट आजका मितिसम्म दुःखद निधन भएका १३२ व्यक्तिहरुका परिवारलाई आर्थिक सहायता राहत रकमका लागि लुम्बिनी प्रदेश सरकारलाई अनुरोध गर्ने ।

८. कोभिड-१९ संक्रमणको जोखिम रोकथाम, नियन्त्रण, निदान र उपचारका सम्बन्धमा हालसम्मको अवस्थाको समीक्षा गर्दै यस जिल्लामा जारी गरिएको निषेधाज्ञालाई नेपाल सरकारको नीति बमोजिम खुकुलो बनाउदै लैजान जिल्ला सुरक्षा समितिलाई अनुरोध गर्ने ।

२०७८/०३/१३